**नेपाल सरकार र जनवादी गणतन्त्र चीन सरकार बीच भएको पारवहन ढुवानी सम्झौतालाई कार्यान्वयन गर्न**

**नेपाल सरकार**

**र**

**जनवादी गणतन्त्र चीन सरकार**

**बीच सम्पन्न प्रोटोकल**

नेपाल सरकार (नेपाल) तथा जनवादी गणतन्त्र चीन सरकार (चीन) यहाँ यसपछि "संविदाकारी पक्षहरु" भनिएको, नेपाल सरकार तथा जनवादी गणतन्त्र चीन सरकार बीच पारवहन ढुवानी विकास गर्न मार्च २१, २०१६ मा सम्पन्न पारवहन ढुवानी सम्झौता (यसपछि "सम्झौता" भनिएको) लाई कार्यान्वयन गर्न इच्छुक हुँदै,

देहाय वमोजिम गर्न सहमत भएका छन् :

**धारा १**

**परिभाषा**

यस प्रोटोकलमा:

१. "ढुवानीको माध्यम" भन्नाले रेलमार्ग सवारी साधन, सडकमार्ग ढुवानी सवारी साधन, पानी जहाज[1] र संविदाकारी पक्षहरु सहमत भएका अन्य ढुवानीका साधनहरु सम्झनुपर्छ ।

२. "सक्षम निकाय" भन्नाले देहायका निकाय सम्झनुपर्छ:

(क) जनवादी गणतन्त्र चीनको हकमा यातायात मन्त्रालय

(ख) नेपालको हकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।

**धारा २**

**बन्दरगाह र मार्ग**

१. जनवादी गणतन्त्र चीनले नेपाललाई पारवहनमा रहेका सवारी (ट्राफिक इन ट्रान्जिट) लाई व्यवस्थित गर्न खुला सामुन्द्रिक बन्दरगाह प्रयोग गर्न स्वीकृति दिनेछ। अनुसूची १ मा नेपालले प्रयोग गर्न सक्ने सामुन्द्रिक

[1] डुङ्गाहरु समेत

बन्दरगाहको सूची दिइएको छ जुन यस प्रोटोकलको धारा १४ मा उल्लेख भए वमोजिमको संयुक्त परामर्श संयन्त्रले पुनरावलोकन गर्न सक्नेछ ।

२. चीनले नेपाललाई पारवहनमा रहेका सवारी (ट्राफिक इन ट्रान्जिट) व्यवस्थित गर्न खुला सुख्खा बन्दरगाह प्रयोग गर्न स्वीकृति दिनेछ । अनुसूची २ मा नेपालले प्रयोग गर्न सक्ने सामुन्द्रिक बन्दरगाहको सूची दिइएको छ जसलाई यस प्रोटोकलको धारा १४ मा उल्लेख भए बमोजिमको संयुक्त परामर्श संयन्त्रले पुनरावलोकन गर्न सक्नेछ ।

३. नेपाल र चीनबीच पारवहन ढुवानीका लागि तोकिएका सीमा बन्दरगाहको सूची अनुसूची ३ मा संलग्न गरिएको छ ।

४. चीनले नेपालका सीमा नाकाहरु र रिकाजे सुख्खा बन्दरगाहको बीचमा पारवहन कार्गो ढुवानी गर्न यस प्रोटोकलको धारा ६ वमोजिम जारी गरिएको अनुमतिपत्र प्राप्त गरेका र नेपालमा दर्ता भएका सवारी साधनको आवागमनका लागि स्वीकृति दिनेछ ।

५. नेपालले चीनलाई उपलब्ध गराउने पारवहन मार्गहरु नेपालमा यातायात पूर्वाधारको पर्याप्त विकास भए पश्चात भविष्यमा दुवै पक्षबीच परामर्श गरी तय गरिनेछ ।

## धारा ३

## ढुवानीका माध्यम

यस प्रोटोकलको धारा १ को प्रकरण १ मा परिभाषा गरिएको पारवहन यातायातमा रहेका सवारी साधनले सडकमार्गमा गर्ने आवगमनका लागि सक्षम निकायले तोके वमोजिमका शर्त पूरा गरेको र यस प्रोटोकलको धारा ६ वमोजिम जारी गरिने अनुमतिपत्र प्राप्त गरेको हुनुपर्नेछ ।

## धारा ४

## सुविधा

पारवहन सुविधा सम्बन्धी व्यवस्था सम्वद्ध अन्तर्राष्ट्रिय कानूनी लिखतहरु, प्रथा र सम्झौता वमोजिम हुनेछन् । पारवहनमा रहेका सवारीका लागि सुविधाहरुमा रेलवे; च्यानल, कार्गो जहाजको लागि बर्थिङ्ग सुविधा र डक, वहुविधिक ढुवानी वा स्थानान्तरण (ट्रान्स सिपमेन्ट); टर्मिनल व्यवस्थित गर्ने साधन; ढुवानी गरिनुपूर्व भन्सार जाँचपासको प्रतिक्षामा रहेका पारवहन सामानहरु भण्डारण गर्नको लागि चाहिने गोदाम घर वा टहरा समावेश हुनेछन् ।

## धारा ५

### प्रतिबन्धित मालवस्तु

कुनै पक्षले ढुवानीका लागि प्रतिबन्धित मालवस्तुहरु पारवहन ढुवानीका लागि स्वीकृति दिने छैन ।

## धारा ६

### सडक पारवहन ढुवानी

१. पारवहन ढुवानी सञ्चालक कुनै संविदाकारी पक्षको भूभागमा दर्ता भएका कुनै प्राकृतिक वा कानूनी व्यक्ति हुनेछ जसले अर्को संविदाकारी पक्षको भूभागमा सडक पारवहन ढुवानी सञ्चालन गर्न उक्त संविदाकारी पक्षको सक्षम निकायबाट सडक पारवहन ढुवानी अनुमति प्राप्त गरेको हुनुपर्नेछ ।

२. एक वर्षका लागि आवश्यक पारवहन ढुवानी अनुमतिपत्रको संख्या सम्वन्धित संविदाकारी पक्षको आवश्यकता अनुसार प्रत्येक वर्ष परामर्श गरी सक्षम निकायहरुले निर्धारण गर्नेछन् । दुई सक्षम निकायहरुबीच अनुमतिपत्र आदानप्रदान गरिनेछ र संविदाकारी पक्षको सक्षम निकाय वा त्यस्तो सक्षम निकायले तोकेका निकायले ढुवानी सञ्चालकहरुलाई बुझाउनेछ ।

३. अनुमतिपत्रमा अन्यथा उल्लेख गरिएकोमा बाहेक यस प्रोटोकल अन्तर्गत जारी गरिएका अनुमतिपत्र एक (प्रवेश-बहिर्गमन) यात्राको लागि प्रयोग गरिने र सोको लागि मात्र कायम रहनेछ । अनुमतिपत्र जारी भएको मितिदेखि अर्को वर्षको जनवरी ३१ सम्म कायम रहनेछ ।

४. पारवहन ढुवानी अनुमतिपत्र जसको लागि जारी गरिएको हो, सो पारवहन ढुवानी सञ्चालकको स्वामित्वमा रहनेछ । अनुमतिपत्र अर्को ढुवानी सञ्चालकले प्रयोग गर्न र अर्को ढुवानी सञ्चालकलाई हस्तान्तरण गर्न पाइने छैन ।

५. यस प्रोटोकलमा निर्दिष्ट गरिएको सेवा, सुविधा, शर्त र विधिहरु बाहेक सम्वन्धित संविदाकारी पक्षको भूभागमा आन्तरिक ढुवानी गर्न निषेध गरिएको छ ।

तर, सम्वन्धित संविदाकारी पक्षको भूभागभित्र पारवहन सम्वन्धी कागजातमा निर्धारण गरिएको गन्तव्यमा र भन्सार निकायको सुपरिवेक्षणमा ढुवानी गर्ने क्रममा हुने पारवहनमा रहेका सवारीलाई आन्तरिक ढुवानीमा रहेको मानिने छैन ।

६. पारवहन ढुवानीका लागि प्रयोग हुने सवारी साधनले सुरक्षा र वातावरण र भन्सार नियमन आवश्यकताहरुका सम्वन्धमा सम्वन्धित संविदाकारी पक्षको लागू हुने राष्ट्रिय मापदण्ड पूरा गर्नु पर्नेछ । अन्तर्राष्ट्रिय ढुवानी सञ्चालनका लागि प्रयोग हुने सवारी साधनमा लाइसेन्स प्लेट, राष्ट्रिय पहिचानात्मक चिन्ह र सुरक्षा प्रविधि प्रमाण चिन्ह वा तत् तत् राष्ट्रहरुमा दर्ता भएका प्रमाणपत्र हुनु पर्नेछ ।

७. अनुमति प्रदान गरिएको सवारी साधनको अधिकतम भार, एक्सल भार र सवारीको नाप/आकार सम्वन्धित संविदाकारी पक्षको सम्वन्धित कानूनी व्यवस्था र प्राविधिक मापदण्डमा उल्लेख भए भन्दा बढी हुने छैन । सामानलाई टुक्रा गर्न नमिलेको कारण सामानको भार र नाप/आकारको अनुमति प्रदान गरिएको सीमा भन्दा वढी हुन गएको खण्डमा संविदाकारी पक्षको सक्षम निकायवाट अख्तियारी/अनुमति लिएको हुनु पर्नेछ ।

८. जोखिमपूर्ण सामान ढुवानी गर्ने सम्बन्धित संविदाकारी पक्षका पारवहन ढुवानी सञ्चालकहरुले अर्को संविदाकारी पक्षको सक्षम निकायवाट जारी भएको विशेष अनुमति पत्र प्राप्त गर्नुपर्नेछ र त्यस्तो अनुमति पत्रमा मार्ग उल्लेख भएको हुनुपर्नेछ । जोखिमपूर्ण सामान वोक्ने सवारी साधन राष्ट्रिय कानून वा लागू हुने अन्तर्राष्ट्रिय महासन्धि वमोजिम सुसज्जित हुनुपर्नेछ र जोखिमपूर्ण सामान जनाउने प्लेकार्ड र चिन्ह टाँसिएको हुनुपर्नेछ ।

९. पारवहन ढुवानी सञ्चालनमा संलग्न चालकहरुसँग सवारी वर्गीकरण अनुरुपको वैध सवारी चालक अनुमतिपत्र र सवारी दर्ता प्रमाणपत्र र तिनको संविदाकारी पक्षहरुको आधिकारिक भाषामा अनुवाद गरिएको कागजात हुनुपर्नेछ । यस प्रोटोकलमा उल्लेख भएको अनुमतिपत्र र अन्य सम्पूर्ण कागजातहरु सवारीका साथमा हुनुपर्नेछ र कुनै संविदाकारी पक्षको सक्षम निकायले माग गरेका वखत पेश गर्नुपर्नेछ ।

## धारा ७
## पारवहन ढुवानीका अन्य विधिहरु

एउटा संविदाकारी पक्षको पारवहन ढुवानी सञ्चालकहरुले अर्को संविदाकारी पक्षको भूभागमा पारवहन ढुवानीको आवागमनका लागि रेलवे, वन्दरगाह, आन्तरिक जलमार्ग र ढुवानीका अन्य विधिहरु प्रयोग गर्न सक्नेछन् । त्यस्तो पारवहन ढुवानी सम्वन्धित संविदाकारी पक्षको कानून वमोजिम हुनेछ ।

## धारा ८
## लागत तथा दस्तुर

पारवहन ढुवानीका कार्गो र सामानहरुमा ढुवानीका लागि मनासिव शुल्क र त्यस्तो पारवहन ढुवानीको सम्वन्धमा लगाइएको लागतको अनुपातमा मिल्दोजुल्दो अन्यशुल्क वाहेक यदि पारवहन ढुवानी कार्यविधिका आवश्यकताहरु पूरा गरिएको कुरामा संविदाकारी पक्षहरुका सम्वन्धित क्वारेन्टाइन र परीक्षण विभागहरु[२] सन्तुष्ट भएमा भन्सार

[२] आयात र निर्यातका क्रममा चिनियाँ पक्षवाट गरिने क्वारेन्टाइन र निरीक्षण सम्वन्धी कार्य गर्न भन्सार विभागलाई तोकिएको छ ।

शुल्क र सम्पूर्ण पारवहन शुल्क, वा पारवहनको राज्यमा यी करहरुको भुक्तानीको लागिजम्मा गरिने धरौटीमा छूट हुनेछ ।

## धारा ९

## पारवहन ढुवानी कार्यविधि

कार्गोको आगमन पूर्व कार्गो सूची, ढुवानीका माध्यमको सूचना/तथ्याङ्क समावेश भएका सम्पूर्ण आवश्यक पारवहन कागजातहरु बुझाउने वा हस्तान्तरण गर्ने सम्बन्धमा पारवहन ढुवानी सञ्चालकहरुले सम्बन्धित संविदाकारी पक्षको भन्सार निकायको पारवहन ढुवानी कार्यविधिको पालना गर्नुपर्नेछ ।

## धारा १०

## सहजीकरण

१. संविदाकारी पक्षहरुको कानून वा सम्बद्ध अन्तर्राष्ट्रिय कानूनी लिखत बमोजिम पारवहनमा रहेका सवारीको लागि संविदाकारी पक्षका निकायहरुबीच सहजीकरण गरिनेछ ।

२. निवेदन दिएको खण्डमा सीमा सुरक्षा, भन्सार, यातायात प्रशासन र सरसफाई निकायहरुले सहजीकरणका क्रममा पशु र चाडै नाश हुने सामानहरु बोकेका पारवहनमा रहेका सवारीलाई प्राथमिकता दिनेछ ।

## धारा ११

## पारवहनमा रहेका सवारीप्रतिको व्यवहार

१. सम्बन्धित संविदाकारी पक्षले पारवहनमा रहेका सवारी उपर ढुवानीको कुनै विधिबाट पानी जहाजको झण्डा, सामानको स्वामित्व, जहाजको स्वामित्व, उत्पत्तिको स्थान, प्रस्थान, प्रवेश, बहिर्गमन वा गन्तव्य वा अन्य कुनै पनि आधारमा भेदभाव गर्नेछैन ।

२. पारवहनमा रहेका सवारीको प्राविधिक मापदण्डमा छुट र अनुरुपता मूल्याङ्कन अन्तर्राष्ट्रिय कानूनी दस्तावेज अनुरुप सम्बन्धित संविदाकारी पक्षको कानूनबमोजिम हुनेछ ।

## धारा १२

## कानूनको प्रयोग

पारवहन ढुवानी सञ्चालकहरुले सम्बन्धित संविदाकारी पक्षको ट्राफिक नियम, ट्राफिक दुर्घटनाको लागि अनिवार्य बीमा र अन्य कानूनको पालना गर्नुपर्नेछ र लागू हुने अन्तर्राष्ट्रिय कानूनी लिखत र दुबै संविदाकारी पक्षहरु पक्ष भएका द्विपक्षीय र बहुपक्षीय सम्झौता अनुरुप कार्य गर्नुपर्नेछ ।

दुवै संविदाकारी पक्षको राज्यमा दर्ता भएका ढुवानी सवारी साधनको ट्राफिक दुर्घटना भएको अवस्थामा दुर्घटना घटेको राष्ट्रको सम्वन्धित कानूनी व्यवस्थाबमोजिम कारवाही अगाडि वढाइनेछ र उक्त कार्यमा अर्को पक्षको सक्षम निकायले दुर्घटनाको कारण अनुसन्धानका लागि आवश्यक सूचना प्रदान गर्न सहयोग पुऱ्याउनेछ ।

## धारा १३

## सजाय र सूचना

एउटा संविदाकारी पक्षको पारवहन ढुवानी सञ्चालकले अर्को संविदाकारी पक्षको पारवहन ढुवानी सम्वन्धी कानून उल्लंघन गरेमा निजलाई उक्त कार्य घटेको संविदाकारी पक्षको कानून बमोजिम सजाय हुनेछ । त्यस्तो अवस्थामा कारवाही गर्ने संविदाकारी पक्षले अर्को संविदाकारी पक्षलाई सूचना दिनु पर्नेछ ।

## धारा १४

## संयुक्त परामर्श संयन्त्र

१. सम्झौता र यस प्रोटोकलको कार्यान्वयनको अवस्थाको पुनरावलोकन, यस धाराको उपधारा २ बमोजिमको संयुक्त परामर्श उपसमितिले पेश गरेका विषयहरु उपर छलफल र समाधान गर्न, संयुक्त परामर्श उपसमितिलाई निश्चित प्राविधिक विषयमा गृहकार्यका लागि आदेश दिन, र सम्झौता र यस प्रोटोकलसँग सम्बन्धित विषयमा वार्ता गर्न चीनको यातायात मन्त्रालयको उप मन्त्री स्तर र नेपालको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सचिव स्तरमा एक संयुक्त परामर्श संयन्त्र स्थापना गरिनेछ ।

२. दुवै सरकारका माथि उल्लेखित मन्त्रालयका सहसचिव/महानिर्देशकको स्तरमा परराष्ट्र मामिला, भन्सार, सार्वजनिक सुरक्षा/गृह मामिला, यातायात, क्वारेन्टाइन लगायत सम्वन्धित मन्त्रालय/निकायका सदस्यहरु सम्मिलित संयुक्त परामर्श उपसमिति गठन हुनेछ । यस प्रोटोकलको कार्यान्वयन सम्बन्धी दैनिक विषयहरुका सम्वन्धमा कार्य गर्न संयुक्त परामर्श उपसमिति अन्तर्गत स्थानीयस्तरको संयन्त्र गठन गरिनेछ ।

३. संयुक्त परामर्श उपसमितिले विधि, मार्ग, पारवहनका शर्त, भन्सार र अन्य आवश्यक व्यवस्थाका सम्वन्धमा पुनरावलोकन, प्राविधिक परामर्श, पारवहन ढुवानी सम्वन्धी विषयहरुमा छलफल गर्नेछ र सम्झौता र पारवहन ढुवानीलाई थप सहजीकरण गर्ने उद्देश्यले यस प्रोटोकलको हेरफेर तथा परिमार्जनका लागि संयुक्त परामर्श संयन्त्रलाई सिफारिस गर्नेछ ।

४. नेपाल र चीनमा आलोपालो गरी वर्षको एक पटक वा आवश्यकता बमोजिम संयुक्त परामर्श संयन्त्र र संयुक्त परामर्श उपसमितिको बैठक वस्नेछ । संयुक्त परामर्श उपसमितिको बैठक संयुक्त परामर्श संयन्त्रको वैठक बस्नु भन्दा कम्तीमा तीन महिना अघि वस्नेछ ।

## धारा १५

## प्रोटोकल लागू हुने र कायम रहने अवधि

१. संविदाकारी पक्षहरुले यस प्रोटोकल लागू गर्न आवश्यक आन्तरिक कार्यविधि सम्पन्न गरेको बारेमा एक अर्कालाई कुटनीतिक माध्यमबाट लिखित रुपमा जानकारी दिएको सूचना प्राप्त भएको मितिले अर्को महिनाको पहिलो दिनदेखि यो प्रोटोकल लागू हुनेछ ।

२. सम्झौता मान्य रहेसम्मयो प्रोटोकल पनि मान्य रहनेछ ।

३. यस प्रोटोकलले संविदाकारी पक्षमाथि अन्य कानूनी लिखत मार्फत सिर्जना हुने अधिकार र दायित्वमा असर गर्ने छैन ।

यो प्रोटोकल, नेपाली, अंग्रेजी र चिनियाँ भाषामा बेइजिङमा २०७६ बैशाख १६ गते हस्ताक्षर सम्पन्न भयो । यी सबै भाषाका प्रतिहरु समान रुपमा प्रामाणिक हुनेछन् । व्याख्यामा मत भिन्नता भएमा अंग्रेजी भाषाको प्रति मान्य हुनेछ ।

नेपाल सरकारको तर्फबाट

जनवादी गणतन्त्र चीन सरकारको तर्फबाट

## अनुसूची १

नेपालले प्रयोग गर्ने चीनमा रहेका सामुन्द्रिक वन्दरगाह देहाय वमोजिम रहने छन् :

१. तियान्जिन

२. सेन्जेन

३. लिआनयानग्याङ्ग

४. झान्जियाङ्ग

## अनुसूची २

पारवहनमा रहेका सवारीका लागि नेपालले प्रयोग गर्ने चीनमा रहेका सुख्खा बन्दरगाह देहाय बमोजिम रहने छन्
:

१. लान्जाउ

२. ल्हासा

३. रिकाजे

## अनुसूची ३

पारवहन ढुवानीका लागि नेपाल र चीन बीचका सीमा बन्दरगाहहरु देहाय बमोजिम रहने छन् :

१. रसुवा - जिलोङ

२. कोदारी - जाङ्मु

३. किमाथांका- छेन्ताङ

४. नेचुङ -लिजी

५. यारी - पुलान

६. ओलाङचुङ्गोला - रिउ

छेन्ताङ, लिजी र रिउ बन्दरगाहहरु औपचारिक रुपमा खुला गरिएपश्चात प्रयोग गरिनेछ ।